भाषाविज्ञान समाज नेपाल र प्रा.डा. टङ्कप्रसाद न्यौपाने अध्ययन अनुसन्धान केन्द्रद्वारा संयुक्त रूपमा प्रदेश नं १ को प्रसिद्ध नगरी धरानमा फाल्गुन २५-२६ (मार्च ८-९, २०२०) मा सम्पन्न हुने

## भाषा-साहित्य-संस्कृतिसम्बन्धी बृहत् प्रादेशिक सम्मेलन

का लागि

# कार्यपत्र आह्वान

भाषाविज्ञान समाज नेपाल र प्रा.डा. टङ्कप्रसाद न्यौपाने अध्ययन-अनुसन्धान केन्द्रका संयुक्त आयोजनामा यही मिति २०७६ साल फाल्गुन २५-२६ (मार्च ८-९, २०२०) गते धरानमा सञ्चालन हुन गइरहेको भाषा-साहित्य-संस्कृतिसम्बन्धी बृहत् प्रादेशिक सम्मेलन-२०२० मा प्रस्तुतिका लागि कार्यपत्र आह्वान गरिएको छ। भाषा, साहित्य र संस्कृतिका विविध विधाका अनुसन्धाताहरू एवम् प्राज्ञिक र शैक्षिक व्यक्तित्वहरू; विद्यार्थीहरू; सामाजिक, सांस्कृतिक तथा राजनीतिक अध्येताहरूलाई एकत्रित गराई तिनका सैद्धान्तिक, व्याख्यात्मक, अन्तरविषयक तथा व्यावहारिक पक्षमा गरिएका अनुसन्धान उपलब्धि र ज्ञानलाई बाँड्नु नै यस सम्मेलनको मुख्य उद्देश्य हो। साथै यस कार्यक्रमबाट प्रदेश नं. १ को भाषा, साहित्य र संस्कृतिसम्बद्ध सम्पूर्ण परिदृश्य देखिन सकोस् भन्ने सोच राखिएको छ।

अतः सम्पूर्ण कार्यपत्र प्रस्तोताहरूलाई निम्नानुसारका विषयमा आफ्नो कार्यपत्र (भाषामाध्यम नेपाली वा अङ्ग्रेजी) को सार बुझाउन हार्दिक अनुरोध गरिन्छ -

- फोनेटिक्स
- ध्वनिविज्ञान
- शब्दको रूप अध्ययन
- वाक्य रचना
- शाब्दिक अर्थ र भाषा शब्द अध्ययन
- वाक्यको व्यावहारिक प्रयोग
- ऐतिहासिक भाषाविज्ञान
- सामाजिक भाषाविज्ञान
- मानवशास्त्रीय भाषाविज्ञान
- भाषा सम्पर्क तथा भाषिक वर्गीकरण
- व्यावहारिक भाषाविज्ञान
- आदिवासी भाषा तथा पहिचान
- मातृभाषा तथा बहुभाषिक शिक्षा
- प्राकृतिक भाषा प्रक्रिया
- भाषा शिक्षण
- भाषा नीति र योजना
- सङ्कथन विश्लेषण
- भाषा, साहित्य र प्रविधि
- एथ्नोलिङ्ग्युस्टिक्स र भाषा आइडिअलजी
- भाषा दस्तावेजीकरण
- अनुवाद अध्ययन
- मनोभाषाविज्ञान
- भाषा, शक्ति र राजनीति
- भाषा, साहित्य र पर्यटन

- भाषा र विकास
- भाषा र साहित्य
- भाषा र संस्कृति
- भौतिक र अभौतिक सांस्कृतिक सम्पदा
- आदिवासी जाति र अधिकार
- कुनै अन्य सान्दर्भिक क्षेत्रहरू

सम्मेलनमा दुई प्रकारका प्रस्तुति हुनेछन् (मौखिक प्रस्तुति र पोष्टर प्रस्तुति । सार र पूर्ण प्रस्तुति वा पोष्टर प्रस्तुतिको व्यहोरा निम्नानुसार हुनेछ -

**कार्यपत्र सार**

१. कार्यपत्रसार १५०-२०० शब्दको हुनुपर्नेछ (तर यस शब्दसीमाभित्र शीर्षक र लेखकीय जानकारीलाई गनिने छैन) ।
२. कार्यपत्र सार उदाहरण र सन्दर्भसहित हुनुपर्दछ ।
३. कार्यपत्रसारका साथ लेखक/प्रस्तोताको नाम, संलग्नता, ठेगाना, इमेल र फोन नं. लेख्नुपर्नेछ ।
४. सारमा डाटा, अध्ययन पद्धति र अनुसन्धानको प्राप्तिको समेत उल्लेख हुनुपर्नेछ ।
५. कार्यपत्र नेपाली वा अङ्ग्रेजी भाषामा हुनुपर्नेछ ।
६. सारको विद्युतीय प्रति (soft copy) निम्न इमेलमार्फत् पठाउनुहोला :
   lsnresearch2020@gmail.com

**कार्यपत्रको मौखिक प्रस्तुति**

१. कार्यपत्रसार स्वीकृत भइसकेपछि प्रस्तोताहरूलाई सम्मेलनमा मौखिक प्रस्तुतिको तयारीका लागि अनुरोध गरिनेछ ।
२. कार्यपत्रको प्रस्तुति विषयबोधमूलक तर सङ्क्षिप्त रूपको हुनेछ ।
३. कार्यपत्रको मौखिक प्रस्तुतिः १०-१५ स्लाइड वा तीन देखि चार पेजसम्मको लेखमार्फत् हुनेछ ।
४. कार्यपत्र प्रस्तुतिका लागि प्रस्तोतालाई १५ मिनेटमात्र समयावधि उपलब्ध हुनेछ ।
५. कार्यपत्रको प्रस्तुतिमा प्रस्तोताले पोष्टरपद्धतिलाई पनि अपनाउन सक्नुहुनेछ ।

**कार्यपत्रको प्रकाशनयोग्य पूर्ण पाठ**

१. सम्मेलन सम्पन्न भइसकेपछि कार्यपत्रहरूलाई सङ्कलन गरी प्रकाशनमा लगिनेछ ।
२. प्रस्तोताले आवश्यक व्याख्या र विश्लेषणसहित कार्यपत्रको प्रकाशनयोग्य पूर्ण पाठ तयार गर्नुपर्नेछ ।
३. सो प्रकाशनयोग्य पूर्ण पाठ सम्मेलन पूरा भएको एकमहिनाभित्र उपलब्ध हुनुपर्नेछ ।

**महत्त्वपूर्ण समयतालिकाः**

१. कार्यपत्रसार २९ माघ २०७६ (१२ फेब्रुवरी २०२०) सम्ममा उपलब्ध भइसक्नुपर्नेछ ।
२. कार्यपत्रसार स्वीकृत भएको जानकारी १५ फाल्गुन २०७६ (२७ फेब्रुवरी २०२०) सम्ममा गराइनेछ ।

३. सम्मेलन फाल्गुन २५-२६, २०७६ (मार्च ८-९, २०२०) मा सम्पन्न हुनेछ ।

**थप जानकारीका लागि**

१. यस website मा हेर्न सकिनेछ : http://www.lsn.org.np

२. निम्न व्यक्ति र ठेगानामा पनि सम्पर्क गर्न सकिनेछ -



| | |
|---|---|
| डा. रमेश घिमिरे<br>**अध्यक्ष**<br>प्रा.डा. टंकप्रसाद न्यौपाने अध्ययन अनुसन्धान केन्द्र<br>फोन नं. ९८५२०७०६५१<br>इमेलः ghimireramesh71@gmail.com | डा. रमेश लिम्बू<br>**सदस्य**<br>भाषाविज्ञान समाज नेपाल<br>**सचिव**<br>प्रा.डा. टंकप्रसाद न्यौपाने अध्ययन अनुसन्धान केन्द्र<br>फोन नं. ९८५११७८१९४<br>इमेलः limburamesh123@gmail.com |



*